# रुपान्तरण

बर्ष ४ (फाल्गुण) अंक १



**सल्लाहकार**

रामकृष्ण निराला

डा.तुलसी प्रसाद भट्टराई

लोकेश राज दली

सुवास सुवेदी

**सम्पादक**

चन्द्र कुमार ढुंगाना

**विशेष सहयोगी**

केशव सुवाल

राजिद सैंजू

भविन रानाभाट

सोनी तण्डुकार

सरोज न्यौपाने

**कार्य मण्डल**

राजन बस्नेत

सन्जु बज्राचार्य

संगम चालिसे

सर्मिला श्रेष्ठ

दिपेन्द्र न्यौपाने

सन्तुलन देशेमरु

राम सुन्दर सुवाल

हिरामणी हुमागाई



**प्रकाशक**

**सानो ठिमी प्राविधिक शिक्षालय**

सानोठिमी, भक्तपुर

फोन नं. ६६३०३८८


## सम्पादकिय

रुपान्तरणले यो अंकमा आफुलाई अलि फरक ढंगमा प्रस्तुत गरेको छ । यसमा प्रकाशित सामाग्रीहरु कुनै खास विषयमा केन्द्रित छन् । पाठक वर्गलाई फरक ढंगले बौद्धिक खोराक मिलोस् भन्ने हाम्रो उद्देश्य हो । पक्कै पनि पाठक वर्गबाट सुझाव सहित स्वागत हुनेछ ।

समाज विस्तारै परिवर्तित हुदैछ, परम्परागत सामाजिक मान्यता र विचार परिस्कृत अनि परिमार्जित हुदैछ, यसलाई हामी सबैले सकारात्मकताका साथ स्वीकार्दै सत्कार पनि गर्नुपर्दछ । यद्यपि यो पुरै परिवर्तित र आधुनिक भइसकेको अवस्था चाँहि पक्कै छैन ।

महिला र पुरुषमा अझै विभेद भेटिन्छ , उनीहरुले गर्ने काम तथा पेसामा, सीप तथा क्षमता लगायत अन्य थुप्रै विषयहरुमा असमानता भेटिन्छ । पुरुष भन्ने बित्तिकै घर बाहिर काम गर्ने, कठिन कार्यहरु गर्ने, पैसा कमाउने, महत्वपूर्ण विषयहरुमा निर्णय लिने आदि । महिला भने पछि घरायसी काम गर्ने, सजिलो तथा हलुका काम गर्ने बाल बच्चा हेरचार गर्ने आदी भन्ने कुरा हाम्रो दिमागमा आई हाल्छ ।

कुनै पुरुषले अफिसमा काम गर्छु भन्यो भने हामीलाई सामान्य लाग्छ तर यही कुरा कुनै महिलाको आवाजमा सुनियो भने हामी सोच्छौ कि । रिसेप्सनिष्ट, टाइपिष्ट, सेक्रेटरी, नर्स आदि आदि । त्यस्तै महिलाले सिक्ने सीप भन्दा फेरि हाम्रा आँखामा नाच्न थाल्छ, ब्युटीसियन, सिलाई, बुनाई, अचार बनाउने, साडीमा बुट्टा भर्ने यस्तै यस्तै । हामी सोच्न सक्दैनौ कि पाइलट, प्रशिक्षक, डोजर चालक, वेल्डर, अटोमोवाइल मेकानिक, सवारी चालक, प्लम्बर, इलेक्ट्रिसियन, सिकर्मी, डकर्मी, प्लम्बर आदि आदि । आफुलाई जति सुकै सभ्य, शिक्षित, आधुनिक र बुद्धिमान ठाने पनि हाम्रो मानसपटलका कन्दराहरुबाट हटाउन सकेका छैनौ यस्ता धारणाहरुलाई सोचहरुलाई ।

अझ विडम्बनाको कुरा कुनै महिलालाई तपाई तालीम लिई सीप सिक्नु हुन्छ भनेर प्रश्न गर्नु भयो भने प्रति प्रश्न आँउछ, हाम्लाई हुने खालको तालीम के छ ? तपाईले जवाफ दिनुभयो - ईलेक्ट्रिसियन, वेल्डर, अटोमोवाइल मेकानिक, सिकर्मी, डकर्मी आदि तालीम खुलेको छ । फेरि प्रतिउत्तर आउँछ , हाम्लाई हुने खालको तालीम केही छैन यो त सबै केटाहरुले गर्ने तालीम भयो, यसो ब्युटिसियन, टेलरिङ्ग, तालीम छैन हामीले लिने खालको .. । यही कुरा यदि पुरुषलाई भन्नुहोस कि तपाई सिलाई, बुनाई, ब्युटिसियन अथवा अचार बनाउने तालीम लिनुस् । यो त कुनै अक्षम्य भुल गरे बराबर हुन्छ । ठुलै अपराध ।

काम पेसा वा सीप जे भनौ कुनै ठूला सानो वा राम्रो नराम्रो छैन यो महिलाले गर्ने, यो पुरुषले गर्ने भनेर छुट्याएको पनि छैन, काम जस्ले गरेपनि त्यो काम हो, बस नतिजा सही र उपलब्धिमूलक हुनुपर्‍यो । यसका लागि आवश्यकता छ त केवल आत्म विश्वास, लगनशीलता, दृढता र काम प्रतिको इमान्दारिता नकि महिला वा पुरुष ।

यस्तै मान्यतालाई अंगीकार गर्दै सानो ठिमी प्राविधिक शिक्षालयले विभिन्न प्रकारका कथित अपरम्परागत पेशा तथा सीपमूलक तालीमहरुमा महिलाहरुलाई सहभागी गराई रोजगारीको अवसर समेत प्रदान गर्दै परम्परगत सामाजिक सोच र मान्यतालाई परिवर्तन गर्ने कार्यमा केही पाइला अगाडी बढाएको अनुभुति गरेका छौं । यस्तै विषय वस्तुलाई संगालेर रुपान्तरणको यो अंक तयार पारेका छौं । साथै सबै क्षेत्रबाट सहयोगको अपेक्षा राख्दछौं ।

# महिला तालीममा नयाँ आयाम

पितृ सत्तात्मक मुलुकहरुमा महिलाहरुलाई पुरुष सरह समान व्यवहार नगरी भेदभाव पूर्ण सामाजिक व्यवहार गरी महिलाहरुलाई विकासका हरेक अवसरबाट वञ्चित गराई घरायसी कामकाजमा मात्र सीमित पारियो । लैंगिक विभेदको कारणले समाजले महिला र पुरुषका लागि फरक फरक भूमिका अर्थात् महिलाका लागि घरायसी भूमिका र पुरुषका लागि सक्रिय तथा उत्पादक सार्वजनिक भूमिका निर्धारण गरिदियो । महिलाहरुलाई महिलामुखी काममा मात्र लगाई पुरातनवादी घरायसी भूमिकालाई बढावा दिइयो जसले गर्दा महिलाहरु विकासको गतिमा पछाडि पर्दै गए अर्थात् महिलाहरु शैक्षिक, राजनैतिक, आर्थिक, सांस्कृतिक, न्यायिक, प्रशासनिक क्षेत्रमा पछाडि पर्दै गए र उपलब्ध स्रोत, साधन, सेवा र सुविधाबाट वञ्चित हुँदै गएको हाम्रो विगतको इतिहासबाट मुक्त हुनु आजको आवश्यकता हो ।

वास्तवमा महिला र पुरुष बीचको सहकार्य विना कुनै पनि राष्ट्रको सन्तुलित एवं समानुपातिक विकास हुन सक्दैन । राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालको जनसंख्या २,६४,९४,५०४ छ जसमध्ये महिलाको संख्या १,३६,४५,४३३ र पुरुषको संख्या १,२८,४९,०५१ छ । यसरी आधा आकाश ढाकेका महिलाहरुलाई विकासका हरेक अवसरबाट वञ्चित गराई नेपालले कुनै पनि हालतमा आर्थिक समृद्धि हासिल गर्न सक्दैन र यही कुरालाई मनन गरी नेपालको अन्तरिम संविधान २०६३ मा लैंगिक समानता र महिला सम्बन्धी विविध प्रावधानहरु समेटिएको छ । विश्वभरी नै महिला पुरुष समान विकासका अवधारणाले प्राथमिकता पाएको सन्दर्भमा नेपालले पनि यसलाई आत्मसात् गरेको छ । आर्थिक, सामाजिक, राजनीतिक तिनै क्षेत्रमा पुरुष सरह महिलाको अर्थपूर्ण सहभागितालाई सार्थक तुल्याउन समग्र शासन प्रणालीमा सुधारका प्रयासहरु थालिएका छन् ।

त्यसै गरी विश्वमा आएका नयाँ नयाँ सोच एवं अवधारणाले महिलाको आर्थिक कृयाकलाप बढाउनमा सहयोग पुर्‍याएको छ । जस्तो आर्थिक उदारीकरण र विश्वव्यापीकरणले महिलाहरुलाई पावर वुमेन बनाइदिएको छ । आज स्वदेश वा विदेशमा महिलाको पहुँच सहज र सरल भएको छ । हिजोसम्म आफ्ना छोरी बुहारीलाई घरको चार दिवारभित्र मात्र सीमित भएको हेर्न चाहने घरमुली आज आर्थिक, सामाजिक रुपमा सक्रिय भएको देख्न चाहिरहेका छन् । अझ स्वदेशमा मात्र होईन कि वैदेशिक रोजगारमा समेत महिलाहरुको संलग्नता बढ्दै गइरहेको छ । राज्यले अपनाएको आरक्षणको कारण हरेक तह र क्षेत्रमा महिलाको उपस्थिति बढ्दै गएको छ ।

परम्परागत रुपमा सिलाई कटाइ, इम्ब्रोइडरी, बुनाई, गृह विज्ञान वा घरेलु शिल्पमा मात्र सिमित महिलाहरु आज चलचित्र, मोडलिङ, विज्ञापन, पपसंगीतमा मात्रै होइन शासकीय संरचनामा पनि आफ्नो कार्यक्षमता प्रदर्शन गरिरहेका छन् । राजनैतिक, शैक्षिक प्रतिष्ठान, व्यापार, व्यवसाय, पत्रकारिताको क्षेत्र, बैंकिङ क्षेत्र, निजामती सेवा, सैनिक, प्रहरी, डाक्टर, इन्जिनियर, नर्सिङ, पाइलट लगायत विविध प्राविधिक क्षेत्रमा समेत महिलाहरुले छलाङ् मारिरहेका छन् र आफूलाई अब्बल सावित गर्न प्रयासरत छन् । त्यसैगरी पुरुषहरुको कामको रुपमा परि



भाषित सुरक्षाकर्मी (गार्ड) को भूमिकामा महिलाहरुको आधिपत्य बढ्दै गइरहेको छ । यसरी महिलाहरुको भूमिकामा मात्र होइन कि उनीहरुले गर्ने कामको प्रकृतिमा हावी भइरहेको पुरातनवादी सोच पनि क्रमश परिवर्तन हुँदै गइरहेको छ र एक्काइसौं शताब्दीका महिलाहरु चुनौतिपूर्ण कार्यहरु गर्न लम्किरहेका छन् ।

विश्व प्रशिद्ध महिलावादी नेतृ सिंथिया एन्लोले "आर्थिक अधिकारले नै महिलालाई मुक्त उडान भर्ने अवसर दिन्छ" भनेकी छन् । हुन पनि आर्थिक रुपमा सक्षम महिला माथि हिंसा एवं उत्पीडन कमै हुने गर्दछ र उनीहरुमा छनौट वा निर्णयको अधिकार हुन्छ । तसर्थ महिलाहरुलाई अब विगतका Traditional वा महिलामुखी तालीम होइन कि विभिन्न प्रकारका Non Traditional Work अर्थात विगतका पुरुषमुखी सीपमूलक तालीमहरु प्रदान गरी उनीहरुलाई आर्थिक रुपमा सक्षम बनाउन जरुरी छ ।

Non Traditional तालीमका रुपमा कम्प्युटर मर्मत, कम्प्युटर अपरेटर, मोबाईल मर्मत, मोटरसाइकल मर्मत, ड्राइभिङ, हलुका सवारी साधन मर्मत सम्बन्धी तालीम, प्लम्बिङ, बिजुली सम्बन्धी तालिम, सिकर्मी, डकर्मीको तालीम, घडी मर्मत, टेलिभिजन मर्मत तालीम, छापाखाना सम्बन्धी, मेकानिकल वेल्डिङ तालीम जस्ता विविध तालीमहरु दिन सकिन्छ । यस्ता तालीमहरुबाट महिलाहरुले स्वदेशमा नै राम्रो आय आर्जन गर्न सक्छन् र वैदेशिक रोजगारीको नाममा खाडी मुलुकहरुमा घरेलु कामदारको रुपमा वेचिनु पर्ने अवस्थाबाट मुक्त हुन सक्छन् ।

वास्तवमा समाजमा प्रचलित मूल्य, मान्यता, संस्कार तथा संस्कृतिहरुले महिला र पुरुषको भूमिकालाई प्रभाव पारेको हुन्छ । आजको एक्काईसौं शताव्दीमा महिलाहरुलाई समाजद्वारा निर्धारित घरायसी कार्यबाट छुटकारा दिदै सार्वजनिक रोजगारमा सहयोग पुर्‍याउने वा आर्थिक रुपमा सबल हुन सक्ने वातावरण निर्माण गर्नु राज्यको दायित्व हो र महिलाहरुको अर्थपुर्ण सहभागिताबाट मात्र समतामूलक अग्रगामी समाजको निर्माण हुन सक्छ ।

**– सृजना तिवारी**
**पूर्व श्रम सहचारी, श्रम विभाग**

# प्लम्बिङ क्षेत्रमा सम्झनाको सफलता



पुरुषले मात्र गर्ने वा गर्न सक्ने पेशाको रुपमा लिने गरेको प्लम्बिङ्ग पेशामा महिला प्राय कमै देखिन्छ । तर बालकोट निवासी सम्झना कस श्रेष्ठ भने प्लम्बिङ्ग पेशामै रमाउदै छिन् । नेवार परिवारमा जन्मेकी श्रेष्ठ उनको आमा बुवाको दोस्रो सन्तान हुन् । एक दिदी र एक भाई सहित उनको परिवारमा ५ जनाको संख्या रहेको छ । बुवा लगायत केही नजिकका आफन्तहरु पनि निर्माण कार्यमै संलग्न छन् उनको । त्यहि भएर पनि होला उनको परिवारमा सम्झनाले प्रयाप्त सहयोग पनि पाएकी छिन् ।

रोजगार कोषको सचिवालयको सहयोगमा संचालित ३९० घण्टे तालीममा सहभागि भै प्लम्बिङ्ग तालीम पुरा गरेकी सम्झना तालीमकै दौरानमा मात्र एकजना महिला प्रशिक्षार्थी हुनुहुन्थ्यो । आमा बाबु कै प्रेरणाले प्लम्बिङ्ग तालीम रोजेकी बताउने सम्झनालाई सुरुमा प्लम्बिङ्ग तालीमको बारेमा खासै थाहा थिएन र प्लम्बरको रुपमा कुनै दिन काम गरिरहेको हुनेछु भन्ने त उनले कहिल्यै कल्पना पनि गरेकि थिएन् । गाउँ कै दाईको सल्लाह अनुसार आमाले तालीमका लागि जानु भन्दा फुर्सदमै भएकोले गै हेरौंन भन्ने मात्र लागेको थियो । तर अन्तरवार्तामा छनौटमा परेपछि भने खुसीले तालीम जसरी पनि पुरा गर्छु भन्ने लाग्यो । सुरु सुरुमा त पुरुष साथीहरुसंग तालीम लिदां असजिलो महसुस लागेछ उनलाई, तर तालीम दिने प्रशिक्षकको व्यवहार र सहयोगले उनको अप्ठेरोपन विस्तारै हट्दै गएछ । तालीमको अवधिभर उनको प्रस्तुतीकरण, उपस्थिति र अनुशासन शिक्षालयका लागि उदाहरणीय रहयो । तालीमकै दौरानमा दिइने जीवनोपयोगी सीपका कक्षाहरुले त झन उनलाई हौसलाहरु बढ्दै गएछ । तालीम संग संगै दिइने जिवनोपयोगी सीपहरुको महत्व काम गर्न रोजगारमा लाग्नेहरुका लागि अझ बढि महत्व छ भन्ने उनको बुझाई छ । काम गर्ने क्रममा अझै पनि उनलाई ति जीवनोपयोगी सीपका कुराहरु सम्झन्छन् । जसले उनलाई आफ्नो सीपलाई निरन्तरता दिन थप हौसला प्रदान गरेको छ ।

शिक्षालयको रोजगार ईकाइको सहयोगले उनी तालीम पश्चात् लगतै काम पनि पाइहाले । हाल उनी नगरकोटका विभिन्न होटलहरुमा प्लम्बिङ्ग कार्यमा व्यस्त छिन् । हाल मासिक झण्डै रु. १५,००० आम्दानी गर्दै छिन् । रोजगार कोषकै सहयोगमा उनले प्लम्बिङ्ग कार्यका लागि आवश्यक केही औजारहरु पनि पाएकी छिन् । जुन औजारहरुको उनले राम्रै सदुपयोग गरिकी छिन् । कहिले कही छर छिमेक मै धारा बनाउन बोलाउँदो रहेछ उनलाई, त्यति बेला उनी संग भएको टुल्स बोकेर दौडिने गरेकी पनि रहेछन् । निकै आटिलो स्वभावकी सम्झना भविष्यमा नेपाली सेनामा भर्ति



हुने सोचमा छिन् । उनलाई आफुमा भएको सीपले उनको ईच्छा पुरा गर्न मद्दत गर्छ भन्ने लाग्छ । उनको काम गर्ने शैली देख्दा छर छिमेक पनि दंग छन् । उनले गरेको काममा आमा बुवा पनि गर्व महसुस गर्छन् । अन्तमा, सम्झना भन्छिन् । रोजगार कोषले दिएको तालीम जीवनयापनको लागि त महत्व छदैं छ, यसको अलावा हिम्मत र आँट कुनै पुरुष भन्दा कम छैन ।



मेरो होस्टल जीवन

[illegible] २०६०।११।०३ [illegible]

[illegible] Vileged children's educational programs [illegible] सन १९८३ [illegible]

[illegible]

सावित्री राई
भक्तपुर - २

# अपरम्परागत सीपमा महिला सहभागीता



विश्व इतिहासमा आफ्नै छुट्टै मौलिकता बोकेर नेपाल विश्व सामु उभिएको छ । पौराणिक कला कौशलमा धनी देश यहांका मठमन्दिर, चैत्य, गुम्वा आदिहरुमा नेपाली कालीगढीको मौलिकता झल्केको पाईन्छ। यिनै नेपाली सिल्पीहरुको ज्ञान, सीप र कला कौशलताको कारण आज विश्वभरी नै चर्चित छ । नेपाली महिला जो घरको चुल्हो, चौका देखि घरायसी कामकाजमा मात्र समय विताउने तथा आफ्नो अमूल्य सीपको बारेमा अनभिज्ञ रहेता पनि पछिल्लो समयमा नगन्य रुपमा मात्रै भएतापनि विभिन्न पेशा, व्यवसाय र सीप सिक्ने प्रतिस्पर्धा तथा थोरै भएपनि आयआर्जनमा संलग्न हुन थालेका छन् ।

प्राविधिक शिक्षालाई नै राज्यले दोस्रो दर्जामा राखेको अवस्थाले गर्दा प्राविधिक शिक्षा तथा व्यवसायिक तालीममा त्यत्ति आर्कषण बढेको देखिदैन । चेतनाको कमी तथा सरकारी तवरबाट बिभिन्न समयमा परिवर्तन भइरा्ख्ने नीति नियमका कारण प्राविधिक शिक्षा तथा व्यवसायिक तालिममा उल्लेख्य उपस्थिति पाईदैन । (स्रोतः डा. रामहरी लामिछाने,२०७१,माघ), यसको प्रमुख कारण महंगो प्राविधिक शिक्षाको रुपमा देखिनु र छात्रवृत्ति नगण्य मात्रामा उपलव्ध हुनु ।

अर्को कारण नेपालमा प्राविधिक शिक्षा प्रदान गर्ने एक मात्र सरकारी निकाय प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद्को आफ्नै आगिंक स्कुलहरु प्रर्याप्त मात्रामा नहुनु र संम्बन्धन लिएका निजी संस्थाहरुमा शुल्क महंगो हुनु तथा भौगोलिक विकटता र गरिविसंगको निकटता पनि हो । शिक्षाविद् मन प्रसाद वाग्लेद्वारा लिखित विकसित देशका विद्यालयको अवस्था भन्ने लेखमा उल्लेख भए अनुसार जहाँ विद्यार्थी तथा अभिभावकहरुलाई विषय तथा विद्यालय छान्ने स्वतन्त्रता छ। विकसित राष्ट्रले जस्तो प्राविधिक शिक्षा पढ्ने अथवा विद्यार्थीको चाहना अनुसारको शिक्षा प्रदान गर्न राज्यले व्यवस्था गर्न नसक्नुनै आजको प्रमुख समस्या हो। (स्रोतः प्रा. डा. शिक्षाविद् मन प्रसाद वाग्ले)

पछिल्लो समयमा सीपमूलक तालीममा भने विस्तारै वृद्धि हुँदै आएको देखिन्छ । विभिन्न दातृ निकायहरुको सहयोग तथा आफ्नै निजी प्रयासमा भए पनि सीप परीक्षण गर्नेको संख्यामा क्रमिक सुधार आइरहेको छ । वि.सं २०७१ साल माघ १२ गते सम्मको तथ्याङ्क हेर्दा राष्ट्रिय सीप परीक्षण समितिले २७४ वटा व्यावसायहरुको राष्ट्रिय व्यावसायिक सीप प्रमाणीका निर्माण गरी २,५६,०२७ जनाको सीप परीक्षण संचालन गरी १९३६५३ जनालाई प्रमाणीकरण गरिसकेको छ। करीव २ करोड ७४ लाख जनसंख्यामा यो संख्या नगण्य भएतापनि यसलाई आशातीत उपलब्धि नै मान्नु पर्दछ ।

गत आर्थिक वर्षमा सीप परीक्षणमा ५५४९१ सामेल भएका थिए जसमा महिला २५८११ (४६.५१ प्रतिशत) र पुरुष २९६८० रहेता पनि महिलाहरुको उपस्थिति सवैभन्दा बढि ब्यूटिसीयन ३०४१ (११.७८ प्रतिशत) र टेलरिङ्गमा १९४८ (७.५४ प्रतिशत) जना रहेको पाइन्छ। (स्रोतः राष्ट्रिय सीप परीक्षण समितिको ब्रोसर २०७१ मार्ग १२ गते), यसरी ब्युटिसीयन र टेलरिङ्ग पेशा परम्परागत भएता पनि यसलाई व्यावसायिक रुपदिन थालेको पाइन्छ। Agriculture, Automobile, Business/ Service, Computer, Construction, Elecetrical, Electronics, Forestry, Handicraft, Health, Hospitality Industry, Leather Goods & Products, Mechanical, Security Guard, Printing, Renewable Energy, Tailoring/ Garment, Textile आदि सेक्टरहरुमा सीपमूलक तालीम दिने क्रम बढेको छ। यी सेक्टरहरुमा तालीम संचालन गरी सीप परीक्षण गर्ने प्रक्रियामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को अतिरिक्त विभिन्न सरकारी निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी निकायहरुले पनि नेपाली नागरिकहरुलाई सीपमूलक तालीम संचालन गर्दै आएका छन्। चाहे द्वन्द्वमा परेका नागरिकलाई समाजमा पुनर्स्थापित गराउने सिलसिलामा शान्ति तथा पुनर्निर्माण मन्त्रालयले दिने तालीम होस्, या हेल्भेटासलगायत अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले दिने तालीम हुन् अथवा विभिन्न संस्थासंगको साझेदारीमा गैर सरकारी संस्था, अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाले दिने गरेका तालीम नै हुन्, यस्ता तालीममा थुप्रै नेपालीलाई सीप सिकाई आत्मनिर्भर बनाउने अभियान नै थालिएको छ । यी सबै संस्थाहरुले सीप सिकाएकाहरुको सीप परीक्षण गर्ने र तिनको प्रमाणीकरण गर्ने जिम्मेवारी पनि राष्ट्रिय सीप परीक्षण समितिको हो ।

राष्ट्रिय सीप परीक्षण समितिद्वारा संचालन गरिने सीप परीक्षणमा सामेल भई प्रमाण पत्र हासिल गरी स्वदेशी तथा वैदेशिक रोजगारमा संलग्न महिलाहरुको संख्या दिनानुदिन बढ्दै गएको देखिन्छ। औद्योगिक राष्ट्रको ऐतिहासिक पक्षलाई विश्लेषण गर्ने हो भने धनी देश त्यही देखिन्छ जसले जनशक्तिलाई सीपयुक्त गराएर उत्पादनशील गराउन सकेको छ। विश्वमा भएको वैज्ञानिकरणले गर्दा सीपको महत्व पनि तीव्र गतिले वढिरहेको छ। जति जति औद्योगीकरण वढ्दैछ त्यति त्यति नै माथिल्लो स्तरको सीपमा पोख्त भएका व्यक्तिको आवश्यकता पर्ने भएकोले राष्ट्रिय सीप परीक्षण समितिले पनि वजारको माग अनुरुप नयाँ नयाँइए हरु तयार गरी सीप परीक्षण संचालन गर्दै आएको छ। तथा यस्ता व्यावसायहरुमा महिलाहरुको सहभागितामा पनि उल्लेख्य रहेको पाइन्छ ।

सन्दर्भ इन्दु शाहुको, बागमती अञ्चल, भक्तपुर जिल्ला, मध्यपुर न.पा. (०२ निवासी पिता कृष्णहरी साहु र माता नारायण देवी चक्रधरकी छोरी इन्दु शाहुले वालाजु स्कूल अफ ईन्जिनियरिङ्ग एण्ड टेक्नोलोजिबाट वि.सं २०५५ सालमा इलेक्ट्रिकल इन्जिनियरिङ्ग विषयमा प्राविधिक एस.एल.सी. पास गरी वि.सं २०५७ सालमा राष्ट्रिय सीप परीक्षण समितिद्वारा संचालित विल्डीङ्ग इलेक्ट्रिसियन व्यवसायको सीप परीक्षण तह ३ पास गर्नुभएको थियो । विगत १६ वर्ष देखि यो पेशामा संलग्न रहि १० वर्ष देखि गट्टाघर चोक नजिकै आत्म निर्भरताको व्यावसाय संचालन गर्दै आउनु भएको छ। वि.सं २०६८ को जनगणना अनुसार ५१.६ प्रतिशत तथ्याङ्क रहेकोमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालीममा महिलाको उपस्थिति २१ प्रतिशतको हाराहारीमा रहेको देखिन्छ। यो संख्या व्यावसायिक तालीमको क्षेत्रमा भने ४६.११ प्रतिशत देखिन्छ। कमै भएता पनि भरखर अंकुराउन लागेको प्राविधिक शिक्षा तथा व्यावसायिक तालीममा महिलाको आर्कषण बढ्दै गएको पाइन्छ, घरको चुल्हो चौकामा मात्र सीमित नभई अपरम्परागत सीपमूलक तालीम हासिल गरी यसलाई व्यावसायिक रुप दिने महिलाहरुको संख्या बढ्दो क्रममा छ । महिलाहरु सीप मुलक तालीम हांसिल गरी आत्मनिर्भरताको बाटो तिर उन्मुख कैयन उदाहरणहरु भेटिन्छे। सुफल थपलिया (EDF), तिलसरा दर्लामी मगर (Building Electrician), सन्तोष श्रेष्ठ, (Building Electrician) सो विता देवकोटा (EDF),दुर्गा कोईराला (Tailoring) लगाएत धेरै महिलाहरुको सफलताको कथा पनि यस्तै छ।

क्रमिक रुपमा प्राविधिक शिक्षा तथा व्यावसायिक सीपमा तथा अपरम्परागत भनिने विषयहरुमा महिला सहभागीता बढ्दै जाने हो भने पक्कै पनि नेपाली समाजका महिलाहरु आत्मनिर्भर बन्ने क्रम बृद्धि हुनुको साथै रोजगारीमा महिलाको पहुँच तथा सहभागीतामा उल्लेख्य परिवर्तन ल्याउन सकिने अवस्था छ । यसका लागी सबैले आ आफ्नो तर्फबाट पहल तथा सहयोग पुऱ्याउनु हाम्रो कर्तव्य पनि हो र यो अपरीहार्य पनि देखिन्छ ।

**– बिमला देवकोटा**
**प्रशासकिय अधिकृत, टि.आई.टि.आई.**

## नेपालकै पहिलो हेभी इक्विपमेन्ट महिला प्रशिक्षक- संगीता



२१ औ शताब्दीका नेपाली नारीहरुले हरेक किसिमका साहसिक कार्यमा सफलता हासिल गरेका प्रशस्तै उदाहरण छन् । त्यस्तै निर्माण कार्यमा व्यापक प्रयोग हुने हेभी इक्विपमेन्ट चलाउने अपरेटर र सिकाउने महिला प्रशिक्षक त झन् सिमित मात्र छन् ती मध्येकी नेपालकै पहिलो डोजर महिला प्रशिक्षक हुन् - श्रीमती संगिता गैरे पोखरेल । २३ बर्ष अघि गल्कोट, हटिया, बाग्लुङमा जन्मिएकी श्रीमती संगिता गैरे पोखरेल काठमाण्डौंमा बसेर उच्च शिक्षा हासिल गर्ने क्रममा आफ्नो र भाईको अध्ययन खर्च जुटाउने उद्धेश्यले, न्यून महिला सहभागिता भएको क्षेत्रमा काम गर्ने सोच बनाइरहेकै बेला जे.सि.बि.अपरेटर तालीम केन्द्रको दैनिक पत्रिका कान्तिपुरको विज्ञापनमा आँखा परे ।



१ महिने आधारभुत एक्साभेटर अपरेटर तालीम लिएर देशमा बिभिन्न ठाउँमा मेशिन चलाइसकेपछि उनको साहसिक क्षमता देखेर तालीमकेन्द्रका प्रशिक्षक श्री अनन्त नागिलाले डोजर महिला प्रशिक्षकको रुपमा काम गर्ने अवसर प्रदान गर्नुभयो र हाल उनी बिगत डेढ बर्षदेखि नेपालकै पहिलोडोजर महिला प्रशिक्षकको रुपमा सि.टि.इ.भि.टि मान्यता प्राप्त जे.सि.बि. अपरेटर तालीम केन्द्र, युसेप नेपाल, सानोठिमि, भक्तपुरमा कार्यरत छिन् । उनी भन्छिन्, "उपयुक्त वातावरण र अवसर प्राप्त भएमा हरेक महिलाले हरेक क्षेत्रमा पुरुष सरह सफलता हासिल गर्न सक्षम छन् ।"

## मोवाईल मर्मत तालीम दिदैं डेजी बखुन्छे

साधारणतया पुरुषहरुकै बाहुल्यता रहेको मोवाइल मर्मत विषयमा तालीम लिई हाल सोही विषयमा प्रशिक्षकको रुपमा कार्यरत डेजी वखुन्छे आफ्नो कार्य क्षेत्रमा आफूलाइ कुनै पुरुष भन्दा कम ठान्दिनन् । भक्तपुर कटुञ्जे निवासी डेजी आमा बुवाकी कान्छी छोरी हुन् । दुई जना दाजु र आमा बुवा सहित उनी सानो परिवारमा खुसी छिन् । उनी भन्दा पनि उनको परिवार छोरीको काम देखी निकै सन्तुष्ट र खुसी छन् ।

साथीहरु मार्फत तालीमको सूचना पाए पछि साथीहरु संगै पहिलो पटक युसेप नेपाल प्रवेश गरेकी डेजीले *i*LEAD परियोजना अन्तर्गत विभिन्न विषयहरु मध्ये मोवाइल मर्मत विषय रोजिन् । आवश्यक सम्पुर्ण प्रकिया पछि उनी तालीमका लागि छनौटमा परिन् र तालीम पनि शुरु भयो । उनको लागि शिक्षालयको वातावरण अनौठो र निकै रमाइलो थियो । स्कुलको बातावरण, रमाइलो माहौल जहाँ विभिन्न स्थानहरुबाट साथीहरु विभिन्न तालीमका लागि आउथे, के महिला के पुरुष सबै जना आफ्नो विषयको तालीममा संलग्न भै रहेको देखिन्थ्यो । ठुल्ठूला मेशिनहरु चलाइ रहेका महिला, विजुली मर्मत तालीममा संलग्न महिला, गाडी बनाउने तालीम होस् या प्लम्बिङ्ग कार्य, वेल्डिङ्ग होस् वा डोजर तालीम जहाँ पनि महिला साथीहरु सहभागिताले तालीमप्रति उनको हौसला अझै बढ्यो ।

फल स्वरुप उनले अत्यन्त मेहिनतका साथ तालिम अवधिभर नियमित एवं अनुसासित भइ तालीम सफलतापूर्वक सम्पन्न गरिन् । तालीम पश्चात सीप परिक्षण तह १ पास गरिसकेपछि उनले मोवाइल मर्मत पेशालाइ निरन्तरता दिइन् । शुरुका दिनमा महिला भएकै कारण ग्राहकले नपत्याएको तीतो अनुभव पनि छ उनी संग तर आफ्नो कार्यप्रति लगनशील डेजीले जस्तो सुकै मोवाइल पनि आफै मर्मत गर्ने वा अलिक अप्ठेरो भएको बेला शिक्षालयमै धाएर प्रशिक्षकहरुसंग सिक्दै आफ्नो सीपलाई निखार्दै थिइन ।

यसरी थोरै समयमा नै आफ्नो कार्य दक्षता प्रस्तुत गर्दै उनले ग्राहकको विश्वास पनि जित्दै गइन् । झण्डै १ वर्ष काम गरिसके



पछि डेजीले युसेप नेपालबाटै आफ्नो सीप निखार्ने अर्को अवसर प्राप्त गरिन् । रोजगार कोषको सहायतामा युसेप नेपालले दश जना प्रशिक्षार्थीलाई कथित अपरम्परागत विषयमा सीप परिक्षण तह २ को तालीम तथा TOT एवं OIS समेतमा तालीम दिइ दक्ष महिला प्रशिक्षक वनाउने उद्देश्यका साथ AGEI 2 Women Trainer परियोजना अन्तरगतको तालीम संचालन गरेको थियो , जसमा डेजीले सहभागी हुने अवसर पाइन् । यो तालीम उनका लागि अत्यन्त उपलब्धिमूलक रह्यो । तालीम अवधिमा उनले प्राविधिक ज्ञानका साथसाथै TOT र OIS को तालीम पनि लिइन् ।

यस किसिमको तालीमले सबैभन्दा बढि उनको आत्मविश्वास बढाइ प्रशिक्षक बनी विद्यार्थी सामु प्रस्तुत हुन मानसिक रुपमा तयार बनाइदियो । तालिम पछि OJT को रुपमा केही समय युसेप नेपालमा सहायक प्रशिक्षक बनि कार्य अनुभव संगालेकी उनले गत पौष महिना देखि गण्डकी मल्टिपल इस्टिच्युटमा सहप्रशिक्षकको रुपमा कार्य गर्दैछिन् । प्रशिक्षणवाट मासिक रु १५००० कमाउने डेजीले पार्टटाइम मोवाइल मर्मत गरेर पनि आंशिक आन्दानी गर्दैछिन् । आफ्नो कार्यबाट सन्तुष्ट डेजी भविश्यमा आफ्नै ट्रेनिङ इस्टिच्युट संचालनमा ल्याई बढी भन्दा बढी दक्ष मोवाइल मर्मत प्राविधिक बनाउने उद्देश्य लिएकी छिन् ।

एस. एल. सी. पछिको खाली समयलाई सदुपयोग गर्ने विचारले *i*LEAD परियोजना अन्तरगत चार महिने विल्डिङ्ग इलेक्ट्रिसियन तालीम लिदा यहि विषयलाइ आफ्नो पेशा बनाउछु भन्ने सोच पटक्कै थिएन तर जसो जसो तालीम सिक्दै गए यस प्रतिको लगाव पनि बढ्दै गयो र तालीममा राम्रो गरेकै कारण शिक्षालयले OJT शिक्षालय भित्रै गर्ने अवसर मिलाइदियो र विस्तारै शिक्षालयको



प्रशिक्षार्थीबाट प्रशिक्षक बन्ने अवसर पाएँ । हाल विहानी शत्रमा BBS पढ्दैछु र दिउसो शिक्षालयमा पढाउछु फुसर्दको समयमा घर वरपर maintenance को काम पनि गर्छु । पढाइ र मेरो लागि चाहिने सम्पूर्ण खर्चहरु म आफै जुटाउछु । म भन्दा पाका प्रशिक्षार्थीले पनि मिस भनि सम्मान गरेको देख्दा आफ्नो काम सन्तोष लाग्छ ।

**– सन्तोषी घिमिरे**
**पूर्व प्रशिक्षार्थी, ईलेक्ट्रिक ट्रेड**
**हाल प्रशिक्षक, सानोठिमी प्राविधिक शिक्षालय**



कादुरी एड एग्रिकल्चरल एसोसियसनको सहयोगमा तालीमको लागि युसेप आएकी थिए । मेकानिकल विषय मेरो रोजाईमा पर्‍यो । यो काम जसरी पनि सिक्छु भन्ने आँट थियो । तालीममा म लगायत अन्य ४ जना महिला साथीहरु थियौं । हामी सबैले राम्ररी नै तालीम पुरा गर्‍यौं । सबैले काम पनि पायौं । म हाल पाटन औधोगिक क्षेत्रमा अवस्थित भैरबनाथ ईन्जिनियरिङ्ग प्रा.लि. मा सुपरभाइजर पदमा कार्यरत छु । हालै मैले रोजगार कोषको सहयो गमा AGEI 2 Women Trainer परियोजना अन्तरगत कथित अपरम्परागत विषयमा सीप परिक्षण तह २ को तालीम तथा TOT एवं OIS समेतमा तालीम लिई आशिंक प्रशिक्षककै रुपमा सानोठिमी प्राविधिक शिक्षालयमा पनि कार्यरत छु ।

**– मनिषा भण्डारी**
**पूर्व प्रशिक्षार्थी, मेकानिकल ट्रेड**



दिदीकै प्रेरणाले म पनि कुनै भिन्नै विषयमा सीप हासिल गरी समाजमा छुट्टै पहिचान बनाउने सोचमा थिए । यहि सोचका साथ तालीमको लागि शिक्षालय आएकी थिए । इलेक्ट्रिक विषय रोजें । तालीमकै दौरानमा मैले शिक्षालय भित्र होस्टल र शिक्षालय परिसर भित्र हरेक किसिमको ईलेक्ट्रिक सम्बन्धि विभिन्न समस्याहरु आफ्नै नेतृत्वमा जुनियर साथीहरु साथमा लिएर काममा लगाउने गर्थे । तालीम पश्चात मैले ओम साई नेटवर्कमा कामको अवसर पनि पाँए ।

**– मन्दिरा भण्डारी**
**पूर्व प्रशिक्षार्थी, इलेक्ट्रिकल ट्रेड**



मेरो नाम श्वेता लामा हो । हाल म सानोठिमी भक्तपुरमा सिलाइ पसल चलाइरहेकी छु । मैले युसेप नेपालबाट चार महिने सिलाइ प्रशिक्षण लिइ आफ्नो सीपलाई तिर्खाने मौका पाएँ जस अनुरुपको तालीम गरि आफैले व्यवसाय चलाउन सक्षम भएको छु यो आत्मविश्वास मैले युसेप नेपालको प्राविधिक तालीम एवं तालीम अवधिमा दिइने जीवनोपयोगी सीपबाट पाएँ । तालीमले आत्मनिर्भर त बनायो नै साथै आफ्नै पसलमा युसेपमै तालीम लिदैं गरेका अरु महिलाहरुलाइ OJT गराउँदा आफैलाई सन्तोष पनि लाग्छ । एउटा साधारण गृहिणीवाट महिला उद्दमी बन्न पाउँदा अत्यन्त खुशी लागेको छ । अब यही पसललाइ अझै राम्रो संग चलाउने विचार छ ।

**– श्वेता लामा**
**पूर्व प्रशिक्षार्थी, टेलरिङ्ग**



मोवाइल प्रशिक्षक दाजुको प्रेरणाले *i*LEAD अन्तर्गत मोवाइल रिपयेरिङ्ग टेक्निसियन तालीम तह १ को तालीमको समाप्ती संगै बागबजार स्थित मोवाइल पसलमा मोवाइल रिपयेरिङ्ग टेक्निसियको रुपमा कार्यरत थिए । टेक्निकल सम्बन्धि जस्तो सुकै समस्याहरु आफै बनाउन सक्ने र कुनै कुनै वेला दाजु संगै पनि सिक्दै काम अगाडी बढ्दै थियो । रोजगार कोषको सहयोगमा AGEI 2 Women Trainer परियोजना अन्तरगत कथित अपरम्परागत विषयमा सीप परिक्षण तह २ को तालीम तथा TOT एवं OIS समेतमा सहभागी हुने अवसर पाएँ । तालीम लगतै सानोठिमी स्थित रुपान्तरण नेपालमा सहायक प्रशिक्षकको रुपमा काम गर्ने अवसर पाएँ । साथै हाल ट्रेनिङ्ग सेन्टर नेपालद्वारा संचालित SDP परियोजना अन्तर्गतको तालीमहरुमा पनि सहायक प्रशिक्षक कै रुपमा काम गर्दैछु । भविश्यमा म आफ्नै तालीम केन्द्र संचालन गर्ने योजना छ ।

**– सरिता मग्राति**
**पूर्व प्रशिक्षार्थी, मोवाइल रिपयेरिङ्ग टेक्निसियन**

जब म टेष्ट परीक्षा दिएर बसेको थिए, मेरो दाइले युसेप नेपालको तालीमको विषयमा लेखिएको पत्रीका मलाई दिनु भयो । अनि मैले तालीम लिने विचारले एकदिन सानो ठिमी आए र नि:शुल्क ३ महिने वेल्डिङ्ग तालीममा सहभागी भए । तालीम सके पछि तत्कालीन निर्देशक पोषण सरले के मनमा लागेर हो तिमी अरु तालीम लिन्छौ भन्नु भयो । मलाई पनि अलि बढी ज्ञान हासिल गर्ने इच्छा थियो । मैले मेकानिकल विषय रोजे, मेरो आर्थिक अवस्था कमजोर थियो तालीम शुल्क तिर्न सक्ने अवस्था थिएन् । सरले नि:शुल्क तालीमको व्यवस्था मिलाई दिनु भयो । एक वर्ष तालीम सकेर केहि समय हेल्पर पदमा शिक्षालयमै काम गर्ने अवसर पनि पाए । ४ वर्ष पछि विद्युत प्रधिकरणमा विज्ञापन खुल्यो । मैले दरखास्त दिए र छनौटमा पर्न सफल भए । हाल म विद्युत प्राधिकरणमा मेकानिकल फोरम्यान पदमा कार्यरत छु । तालीमले मेरो अवस्था सुधार भएको छ । युसेप नेपाललाई म जीवनभर भुल्न सक्दिन ।



**– शोभा थापा मगर,**
**पूर्व प्रशिक्षार्थी, जनरल मेकानिकल**

Skill for Employment Project (SEP) ले ३ महिने छोटो अवधिको वेल्डिङ्ग तालीममा सहभागि हुने मौका जुराई दिए । तालीम पश्चात् म लगायत सिता चौधरी, मोती चौधरी, सविता चौधरी, सपना चौधरी गरि जम्मा ४ जनाले कीर्तिपुर स्थित SUN Works मा कामको अवसर पनि शिक्षालय नै व्यवस्था मिलाई दिनुभयो । सुरु सुरुमा काम गाऱ्हो लागेथ्यो । हरेस नखाई मेहेनत गर्दै गएँ । अहिले मैले गरेको काम पुरुष साथीहरुको भन्दा गुणस्तरीय छ । हाल पनि म सोही कम्पनीमा कार्यरत छु । कम्पनीका साहु पनि मेरो कामबाट सन्तुष्त हुनु हुन्छ । भविश्यमा आफ्नै गाउँमा वेल्डिङ्ग वर्कसप चलाउने सोचमा छु ।

**–सवित्रा चौधरी**
**पूर्व प्रशिक्षार्थी, वेल्डिङ्ग**



चेपाङ्ग समुदायमा हुर्केकी म तीन वर्ष पहिले तालीमको लागि गाउँबाट काठमाडौं आउँदा नै पहिलो पल्ट नजिकबाट गाडी देखेकी थिए, त्यति खेर मैले सोचेको पनि थिइन कि म Automobile Mechanic बन्छु भनेर, तर गाडी प्रतिको जिज्ञासु भावले गर्दा शिक्षालय आएपछि तालीमको विषय छान भन्दा मैले गाडी मर्मत विषय नै छाने । सबैको लहलहैमा सिलाइ कटाइ सिक्ने भनेकी मैले अचानक गाडी मर्मत विषय छान्दा सबै छक्क परे । तालीम राम्ररी सम्पन्न भयो र काम पनि पाएँ । हाल म जेनिथ अटो सर्भिस, पेरोडुवा, कालो पुलमा सर्भिस मेकानिक पदमा कार्यरत छु । कमाइ राम्रै छ, कमाएको पैसा बैकमा हाल्ने गरेको छु र आवश्यक परे ATM बाट निकाली चलाउछु । गाउँ तिर पनि सबैले प्रशंसा गर्छन् । घरमा पनि आमा बुबाले यो हाम्रो छोरी होइन छोरा हो भन्नुहुन्छ । कहिल्यै सोचेको थिइन तालीमले मेरो जीवनमा यस्तो परिवर्तन ल्याउछ भनेर ।



**– चन्द्रावती प्रजा**
**पूर्व प्रशिक्षार्थी, अटोमोवाइल मेकानिक**

"कमलरीको रुपमा अरुको घरमा काम गर्थे । सामाजिक संस्था नेपाल युथ फाउण्डेशन भन्ने गैर सरकारी सस्थाको सहयोगमा युसेप नेपालको तालीममा सहभागि हुने मौका पाएँ । मोटर साइकल मर्मत तालीम रोजें । तालीम पश्चात काठमाण्डौका विभिन्न वर्कसपहरुमा काम गर्ने अवसर पनि पाएँ । काम गर्ने क्रममा यस्तो वर्कसप आफैले चलाउन सक्छु भन्ने लाग्थ्यो । केही आफुसंग जम्मा भएको पैसा र केही आफन्तबाट ऋण लिएर अनमोल बाइक एण्ड वर्कसप दाङ्ग कै लमहीमा खोलेकी छु । आफ्नो खुट्टामा उभिन सक्ने भै सकेकी छु । जीवनमा मैले सही काम गरेछु । नयाँ जीवन पाएकी छु । युसेपलाई धेरै धन्यवाद ।"



**– कमला चौधरी**
**पूर्व प्रशिक्षार्थी, मोटर साइकल मेकानिक**



"पुरुषले मात्र प्लम्विङ्गको काम गर्न सक्छ भन्ने सोच भएकोमा आफूले पनि पुरुषले जस्तै काम गर्न सक्छु भन्ने विश्वासका साथ मैले प्लम्विङ्ग विषयमा तालीम लिए । हाल सानेपामा प्लम्विङ्गको काम गरि मासिक रु ९,००० कमाउछु । बारम्बार सिलाइ सिक भन्ने दबाव घरबाट आउदा पनि मैले प्लम्बिङ्ग नै सिकें । सीप सिकेर काम गर्दैछु । OJT कै क्रममा काम पक्का भै सकेको थियो । सीप भए पछि काम पाइदो रहेछ । भविष्यमा यही विषयमा काम गर्दै जाने सोच छ ।"

**– जुना कुमाल वाइबा**
**पूर्व प्रशिक्षार्थी प्लम्बिङ्ग ट्रेड**

# दंग छिन् धनकला

"चेलीका जातले हास्न नाइपाइनो न त मनकै कुरा गद्दू पाइनो । हमून त चेली मान्छे न पऱ्याँ घर बाहिर लोग्न्या मान्छ्याको सल्लाह बिना निक्लारे कूल द्यौता रिसाउनान् अन अनिष्ट हुन्छऱ्या ।" (छोरीको जातले हाँस्न हुँदैन न त मनमा लागेको कुरा गर्न नै पाईन्छ । हामी त महिला न पऱ्यौं, घर बाहिर पुरुष पछि सल्लाह बिना निस्कियो भने कुल देउता रिसाउँछन् अनि अनिष्ट हुन्छ रे ।) प्रस्तुत उद्‌गार कुनै नाटक या फिलिम सम्वाद नभई अछाम मंगलसेनकी २६ बर्षीया धनकला लोहार (नाम परिवर्तन) ले पंतिकारसँग ३ बर्ष पहिलाको भेटमा पोखेको दुखेसो हो ।

उनको सो शब्दमा लुकेको मर्मस्पर्शी भाव एकपटक गम्भीर रुपमा सोच्ने हो भने बुझ्न सकिन्छ । यस समाजमा अझै पनि विभिन्न रुढिबादी संस्कार विद्यमान रुपमा रहिआएको छ । जतिसुकै आदर्शका कुरा गरेता पनि महिला अधिकारका मुद्दा यथार्थमा अझै धेरै नै पुरा हुन बाँकी छ । यस समाज र ति समाजको नेतृत्व गर्न असफल एंव रुढिग्रस्त नेतृत्वको कारण कुसंस्कारको गाडेको जरो अझै उखिलन सकेको छैन । हाम्रो समाजलाई डोऱ्याउने ढोंगी नेतृत्वकर्ता र उनीहरुको मतियारले समाजको नियम कानुन आफै बनाउँछन् । उनीहरुको बोली नै दुर दरारका बस्तीहरुमा कानुन हो र सोको वर्खिलाप गर्नेले गाउँ नै निकालासम्मको अमाननीय सजाय पाउने गर्दछन् ।

कुसंस्कार तथा कुरीतिले शहर बजारबाट विस्तारै विस्तारै विदाई लिदै गएता पनि दुर्गम गाउँ घरमा भने यसको जालो फाँडिने सुरसार अझै देखिन्न । नेपालको अन्य क्षेत्रको अवस्थाको तुलनामा सुदुर पश्चिमको दुर्गम जिल्लाहरुको अवस्था अझ दर्दनाक छ । रुढिबादी परम्परा र अन्धविश्वासले आक्रन्त त्यहाँ महिलाहरुको अवस्था अत्यन्तै जर्जर तथा अपठनीय छ । मासिक श्राव हुँदा महिलाले घरमा बस्न पाउँदैनन् । अरु मानिससाग बातचित गर्न त के देखे भने पनि अशुभ हुन्छ रे । त्यस्तो समयमा आवश्यक पर्ने सरसफाई र पोषणको त के कुरा, अध्यारो छाउ (गोठ) मा थुनिएर विताउनु पर्ने हुन्छ ।

छाउमा बस्दा कतिपयको सर्प मुसा इत्यादिको डसाईबाट मृत्युवरण गरेको खबर समय समयमा सुनिदै आईरहेको छ । मानव अधिकार सुनिश्चितता को सवालमा राज्य अझ बढी संवेदनशील हुनुपर्ने अवस्था अझै विद्यमान छ । महिलाको आर्थिक विकास हुन नसक्नुमा परम्परागत सोचाई, अशिक्षा, रुढिवादी कुसंस्कार लगायतका मनस्थिति पृष्ठक्षेत्र त हो नै तर पृष्ठक्षेत्रको पनि पृष्ठक्षेत्र (Periphery Of Periphery) भनेको महिलाहरुमा आधुनिक सिप नहुनु पनि मुख्य तत्वको रुपमा लिन सकिन्छ । दुना टपरी, डोका नाम्ला, सिलाई बुनाई, सरसजावट जस्ता सीप भन्दा थोरै माथि उठ्ने हो भने महिलाहरुले पनि बदलिदो समाजमा बदलिदो सीप हासिल गरी परिमार्जन गर्न सक्छन् र आर्थिक सम्वृद्धिको दिशामा आफुलाई अगाडी बढाउन सक्छन् भन्ने दृष्टान्तको ज्वलन्त उदाहरण तिनै धनकला हुन् ।

तीन बर्ष पछाडि संयोगवश काठमाण्डौंमा भेट्दा उनै धनकलाले कथेकी उनको परिवर्तनको कथा यस्तो रहेछ । विकट तथा विषमताले भरिएको मंगलसेन त्यसमा पनि कथाकचित दलित जातकि उनी गाउँलेका असमान व्यवहार खप्न नसकी भागेर धनगढी बजारसम्म झरिन् । त्यहाँ उनले रानीसाहेब (स्थानीय भाषामा ठुलाबडा महिलालाई गरिने सम्बोधन) लाई भेटिन् र मासिक १,५०० पाउने काम जस्तै लुगा धुने, भाँडा माझ्ने देखि घरका धेरै नै काम गर्नुपर्ने सर्तमा १ महिना सम्म मुस्किलले काम गरिन् । १ महिना पछि सो तलब लिई एक्लै काठमाण्डौं आइन् । गाउँबाट कहिल्यै बाहिर नगएकी धनकलाले काठमाण्डौंमा निस्सासिएको अनुभव गरिन् रे । "अब के गर्ने, कहाँ जाने" समस्याले सताईरहेको अवस्थामा कोटेश्वर नजिक एक बन्दै गरेको घरमा गई ज्यामी कामको लागि अनुरोध गरिन् रे । उनलाई दिनमा ज्यामी काम, रातमा बन्दै गरेको घरको



सामानको समेत रेखदेख र अन्य दिउँसो कामदारहरुलाई खाजा बनाई दिने सर्तमा काम दिए रे । दुई महिना जति त्यो काम गरे पछि उनले ड्राइभिङको तालीम निःशुल्क खुलेको विज्ञापन देखिन् र सो ड्राइभिङको तालीम ओ.सि.एस. नेपाल (हाम्रो परिवर्तनशील समाज नेपाल) नामक गैह्र सरकारी संस्थाको सहयोगमा एक महिना सम्ममा सिकिछिन् र सोही संस्थाको सहायतामा ड्राइभिङ लाईसेन्स समेत बनाई सफा टेम्पो चलाउने अवसर पाइछिन् ।

बानेश्वर लगनखेल रुटमा सफा टेम्पो चलाउन थालेपछि भने उनको जीवनले कोल्टो फेरेछ । ड्राइभिङको काम गर्न थालेपछि उनले जाउलाखेलमा डेरा लिई लगभग दुई वर्ष सोही टेम्पो चलाइछिन् । साहुलाई बुझाईकन उनले कम्तीमा पनि दिनको ६०० देखि १,००० सम्म कमाइन् रे पनि । पैसा कमाउन थालेपछि धनकलाको दुःखको दिन विस्तारै हट्दै गएछ । सो दिन मैले भट्दा ९ महिना जति भएछ उनले सोही रुटमा सफा टेम्पो चलाउदै आएका ताप्लेजुङ स्थायी ठेगाना भएका श्याम प्रसाद सुवेदीसँग प्रेम विवाह गरेकी । हाल ती दम्पतीले अव त अरुको गाडी कति चलाउनु भनि दुवैले कमाएको पैसा मिलाएर एउटा ट्याक्सी किनेका रहेछन् । फाइनान्सको व्याज तिर्न उनीहरुलाई गाह्रो छैन किनकी धनकला दिनमा ट्याक्सी हाँकी घटिमा रु. १,५०० कमाउछिन् भने श्याम प्रसाद पनि सोही गाडी रात्री समयमा चलाउछन् । उनले पनि रु. १,५०० जति प्रत्येक रातमा कमाउछन् ।

प्रत्येक हप्ता एउटा फाइनान्समा बचत गर्ने गरेका उनीहरु अव विस्तारै घर घरेडी जोडी यतै जीविकोपार्जन गर्ने सोचमा छन् र धनकलाले त अछामबाट आफ्नो साँहिली बहिनी नन्दकलालाई समेत झिकाई मोवाईल मर्मतको तालीम सुरु गराइसकेको पनि २ हप्ता भईसकेको छ । उता श्याम प्रसादका घर तिरकाले पनि बुहारीको वारेमा सबै थाहा पाईसकेछन् र उहाँहरु पनि छोरा बुहारीको प्रगतिबाट निकै खुसी छन् रे । दंग छन् श्याम प्रसाद आफ्नो सुख दुःखमा साथ दिने जिवन संगिनी पाएकोमा र धनकला पनि ।

उनीहरुको मायालाई न त भुगोलले छेक्यो न त जातले नै । उनीहरुले उन्नतिमा आफ्नो इच्छाशक्ति र सीपलाई राम्ररी बुझेको छन् । र महिलाको उन्नती प्रगतिमा व्यावसायिक सीप अनिवार्य आवश्यकता रहेछ भन्ने कुरा महशुस गरेका पनि छन् । महिला कुनै रुपमा पनि पुरुष भन्दा कमजोर छैन र महिला ले पनि हातमा सीप भएमा कहिँ पुग्दा पनि पछाडि पर्नुपर्ने अवस्था रहँदैन । आर्थिक उन्नतिमा महिलाहरु थोरै मात्रामा भएपनि आफुलाई परिवर्तको दिशामा अगाडी बढाउनुपर्छ र परिवर्तनगामी समयमा सोही रुपमा आफुलाई ढाल्न सकेमा असम्भव भन्ने कुरा कहिँ पनि हुदैन भन्ने ज्वलन्त उदाहरण बनेकी छिन् धनकला । उनको उन्नती देखेर गाउँले र छिमेकीहरु समेत दंग परेका छन् ।

---

**(लेखक कोपिला नेपाल कास्कीमा सुरक्षित समुदाय परियोजना संयोजकको रुपमा कार्यरत छन् ।)**

# शिक्षालय गतिविधी

## समुदाय परिचालन

समुदाय परिचालनलाई संस्थागत गर्दै युसेप नेपालले यस अन्तरगतको सानोठिमी प्राविधिक शिक्षालयमा संचालन हुने सवै तालिम संचालन पूर्व समुदायमा गइ प्राविधिक शिक्षा यसको महत्व तथा आर्थिक सम्मुन्नतिमा यसको अपरिहार्यताका बारेमा जन चेतना जगाउने कार्य गर्दै आइरहेको छ । शिक्षालयका प्रशिक्षक, कर्मचारी तथा स्वयंसेवकहरुको सक्रियतामा यस्ता कार्यक्रमहरु संचालन भइरहेको छ। सामाजिक परिचालक स्थानीय क्लव, आमा समुह तथा विभिन्न गैर सरकारी संस्थाहरुको समेत सक्रियतामा गत भाद्र देखि माघ सम्ममा सुर्य विनायक, भक्तपुर दरवार स्क्वायर, नगदेश, मनोहरा सुकुम्वासी वस्ति वनेपा सरस्वतीखेल, सुडाल, सांगा लगायलका जम्मा १७ स्थानमा सफलतापूर्वक समुदाय परिचालन गरि करिव ३५० व्यक्तिहरुलाइ प्रत्यक्ष रुपमा तालिम सम्वन्धि जानकारी गराइएको थियो ।

## रक्तदान

मिति २०७१ भाद्र ६ गते रक्तदान जीवनदान भन्ने मूल नारालाई आत्मसात गर्दै युसेप नेपाल मित्र समूहको आयोजना र रेडक्रस सोसाइटी भक्तपुरको सहयोगमा रक्तदान कार्यक्रम सम्पन्न भयो । रगतको अभावमा अकाल मृत्यु हुनबाट बचाउने विश्वासका साथ उक्त कार्यक्रम गरिएको थियो । सो कार्यक्रममा फ्रेण्डस अफ युसेप नेपाल स्थापना भएयता गरिएको यो पहिलो सामाजिक कार्य थियो । कार्यक्रममा युसेप नेपालका अध्यक्ष श्री रामकृष्ण निराला, वोर्डका कार्यकारी सदस्य शुभ कण्ठ शर्मा, उप निर्देशक केशव सुवाल लगायत प्रशिक्षार्थी, कर्मचारी, भूतपुर्व प्रशिक्षार्थीहरु, साझेदार संस्थाका प्रतिनिधिहरु लगायत १०१ जनाले रक्तदान गरेका थिए । विगत वर्षहरुमा आयोजना गरेको मध्ये हालसम्म कै सबै भन्दा बढि रक्तदाता भएको र सबैजनाको उत्साहजनक सहभागिता रहेको थियो ।



## खेलकुद सप्ताह

प्रशिक्षार्थीहरुको आत्मविश्वास बढाउने एवं विभिन्न क्रियाकलापमा संलग्न गराउने अभिप्रायले शिक्षालयले अतिरिक्त क्रियाकलापहरुको आयोजना गर्ने गर्दछ । यसै क्रममा गत भाद्र २३ देखि २७ सम्म स्वस्थ शरीर स्वस्थ दिमाग सवलता र सक्षमताको प्रतीक भन्ने नाराका साथ भलिवल, चेस, टेवल टेनिस, चित्रकला, कविता र वतृत्व कला समेटिएको खेलकुद सप्ताह सम्पन गरिएको थियो । यसले एका तर्फ प्रशिक्षार्थीहरुको मनोबल बृद्धि गर्ने आपसी मैत्रीभाव विकास गर्ने मनोरञ्जनात्मक क्रियाकलापको विकास गऱ्यो भने अर्को तर्फ ट्रेडहरु विचको समन्वय र सद्भाव समेतमा सघाउ पुऱ्याएको थियो । कार्यक्रममा क्रमश भलिवलमा जे.सि.व. अपरेटर ट्रेड प्रथम र हाउस वायरिङ्ग ट्रेड द्वितिय, टेबुल टेनिस र चेसमा बाल सुधार गृह र यसै गरी चित्र कलामा प्लम्बिङ्ग ट्रेडका नर बहादुर भुल प्रथम र विविसन कुमाल द्वितिय, कवितामा मोवाइल रिपयरिङ्ग ट्रेडका प्रशिक्षार्थी प्रेमलाल चौधरी प्रथम र जे.सि.वि ट्रेडका राजकुमार थारु द्वितिय, निवन्धमा मेकानिकल ट्रेडका बसन्त जंग रायमाझी प्रथम र बाल सुधार गृहका सरोज क्षेत्री द्वितिय भएका थिए । यस प्रतियोगीताका प्रतियोगीहरुलाई बाल दिवस अवसरमा युसेप नेपालका अध्यक्ष एवं विशिष्ट अतिथि गणबाट पुरस्कार एवं प्रमाणपत्र वितरण गरिएको थियो ।



## बाल दिवस

भाद्र २९ गते राष्ट्रिय बाल दिवसको अवसर पारेर शिक्षालयले सम्पूर्ण प्रशिक्षार्थी एवं बाल सुधार गृहका बालबालिकाहरुको सामूहिक जन्मोत्सव विभिन्न साँस्कृतिक कार्यक्रमको आयोजना गरी भव्यताका साथ मनायो । औपचारिक कार्यक्रममा संस्थाका पदाधिकारीहरुले बाल मैत्री समाजको निर्माणमा युसेप लगायतका संस्थाहरुले खेल्नुपर्ने भूमिकाबारे प्रकाश पार्दै आ-आफ्नो क्षेत्रबाट सहयोग गर्ने प्रतिवद्धता जनाए। सोही कार्यक्रममा काठमाडौं जिल्ला अदालतका न्यायधीस माननीय सिता प्रसाद पोखरेलले बालसुधार गृहका बालबालिकाहरुका लागि खेलकुद सामग्री वितरण गर्नु भएको थियो ।



## अवलोकन भ्रमण

प्रशिक्षार्थीहरुको आत्मबल वृद्धिका लागि शिक्षालयले अपनाएको विभिन्न नीतिमध्ये अवलोकन भ्रमण पनि एक हो । शिक्षालयले समय समयमा सम्पन्न हुने विभिन्न Expo तथा fair हरुमा साथै विभिन्न प्राविधिक शिक्षालय तथा कलकारखानामा प्रशिक्षार्थीहरुलाई भ्रमण एवं सहभागी गराई नयाँ प्रविधि सम्वन्धी ज्ञान लिने अवसर प्रदान गर्दछ। यस क्रमलाई निरन्तरता दिदैं छ महिनाको अवधिमा शिक्षालयले,अटोमोवाइल, मोटरसाइकल, प्लम्बिङ, हाउस वायरिङ, ट्रेडका प्रशिक्षार्थिहरुलाई सम्वन्धित भ्हउय तथा कलकारखानामा शैक्षिक भ्रमणमा सहभागी गरायो ।

## महिला सफा टेम्पो चालकलाई हलुका सवारी चालकको तालीम

Finn Church Aid (FCA) को सहयोगमा महिला सफा टेम्पो चालकका लागि उनीहरुको सिप अभिवृद्धि र भविष्यमा चार पांग्रे सवारी साधन चलाएर आत्मनिर्भर बनाउने अभिप्रायले मिति २०७१ कार्त्तिक १६ देखि मार्ग १५ सम्म हलुका सवारी चालकको तालीम दिइयो। पिछडिएका वर्ग, एकल महिला, आर्थिक अभावमा परेका र भविष्यमा चार पांग्रे सवारी साधन चलाएर जीविकोपार्जन गर्ने लक्ष्य लिएका ४० जना महिला चालकहरुको उक्त तालीममा सहभागिता रहेको थियो। यस्तो प्रकारको तालीमले उनीहरुको सीप विकासमा मात्र योगदान नपुऱ्याएर पुरुषले मात्र गर्न सकिने भन्ने पेशामा पनि उनिहरुको आत्मविश्वास बढाउन मद्दत पुऱ्याउने छ।

## सरस्वती पूजा

शिक्षालयको परम्पराको रुपमा रहेको सरस्वती पूजा कार्यक्रम, शिक्षालयका सम्पूर्ण प्रशिक्षार्थी साधारण सदस्यज्यूहरु, सम्पूर्ण कर्मचारी एवं अतिथिहरुको सहभागितामा यस वर्ष पनि पुजाआजाका साथ देवी सरस्वतीको पूजा गरी मनाइयो । हिन्दुहरुको धर्ममा ज्ञानकी देवीको रुपमा मानिएकी सरस्वतीले सबैलाई ज्ञान प्रदान गरुन भन्ने प्रार्थनाका साथ यो पूजा गरिन्छ । यस कार्यक्रममा प्राध्यापक हरि चुडारीले विद्यार्थीहरु माझ जीवनमा शिक्षा र ज्ञानको महत्वको बारेमा प्रकाश पार्नुभएको थियो ।

## जीवनोपयोगी सीप र परामर्श

प्रशिक्षार्थिहरुलाई प्राविधिक तालिमले मात्र पुग्दैन, वस्तुगत तथा विषयगत ज्ञानका साथै व्यवहारिक ज्ञान पनि अपरिहार्य छ । कार्यस्थानमा अनुशासनको पालन, समय व्यवस्थापन, काममा आत्मविश्वास, सकारात्मक सोच, ग्राहकहरुसागको समन्वय तथा व्यक्तित्व विकास गर्नका लागि जीवनोपयोगी सीप (soft skills) को आवश्यकता पर्ने कुरालाई ध्यानमा राखी शिक्षालयले विभिन्न विषयमा आवश्यकता अनुसार जीवनोपयोगी कक्षाहरु सम्वन्धित विज्ञहरु तथा प्रशिक्षकको सहयोगमा सञ्चालन गर्दै आएको छ । करिव ६ महिनाको अन्तरालमा ६५ वटा जीवनपयोगी कक्षाहरु संचालन गरियो ।

## नमुना घर

प्लम्बिङ र हाउस वायरिङ तालीमलाई अझ सुदृढ र प्रशिक्षार्थीहरुलाई थप व्यावहारीक ज्ञान प्रदान गर्नका निमित्त नमुना घरको निर्माण कार्य अगाडि बढाइएको छ । अहिले गाााउघर र शहरबजारमा बनाइएका घरहरुमा बिजुली बत्तीको जडान र शौचालय एवं भान्छाघरमा पाइपहरुको उचित ठाउँमा जडान, व्यवस्थापन गर्ने तरिकाहरुको प्रत्यक्ष अवलोकन गर्ने मौका यस नमुना घरको निर्माणबाट प्रशिक्षार्थीहरुले पाउँनेछन् ।

## स्थलगत भ्रमण

सानो ठिमी प्राविधिक शिक्षालयले विभिन्न किसिमका प्राविधिक सीप प्रदान गर्दै आएको मात्रै छैन, देशका विभिन्न भागमा अन्य गैर सरकारी संस्थाहरुलाई प्राविधिक शिक्षालय संचालन गर्नको लागि प्राविधिक तथा नितिगत सहयोग समेत गर्दै आएको छ । हालै होस्टे हैंसे नामक संस्थाले सर्लाही जिल्लाको लालबन्दी मलंगवा क्षेत्रमा संचालन गर्न लागेको शिक्षालयमा त्यहाँको भौगोलिक अवस्था र भौतिक संरचनाको अध्ययन गरेर प्लम्बिङ, हाउस वायरिङ, मोटरसाइकल मेकानिक्स र टेलरिङ विषयको तालीम दिनका लागि आवश्यक पाठ्यक्रम निर्माण, औजारहरुको सूचि तथा व्यवस्थापनमा समेत सहयोग पुऱ्याउनका लागि युसेप नेपालका कर्मचारीबाट स्थलगत भ्रमण सम्पन्न भयो ।

## अपरम्परागत पेशामा महिलाको सहभागीता

विश्व बैंकको आर्थिक सहयोग र रोजगार कोषको सचिवालय/हेल्भेटास स्वीस इन्टरकोअपरेसन नेपालको आयोजनामा न्यूनतम सुविधाविहीन बालबालिककका लागि शैक्षिक कार्यक्रम (युसेप), नेपालले महिलाका लागि अपरम्परागत पेशा भनिएका स्ट्रक्चरले फेब्रिकेटर र मोबाइल फोन रिपेयरको तह २ को प्राविधिक सीपमूलक तालीममा १० जना महिला प्रशिक्षार्थीहरुलाई प्रशिक्षक बनाउने उद्देश्यले मिति २०७१/३/३१ देखि २०७१/०६/०८ सम्म सहभागी गरायो। ३९० घण्टे वेल्डिङ्ग र मोवाइल रिपयेरिङ्ग तालीममा जम्मा





१० जना महिला प्रशिक्षार्थीहरुले तालीम सम्पन्न गरेका छन् । यस तालीम पश्चात् ६ जना महिला प्रशिक्षार्थीहरुले सानो ठिमी प्राविधिक शिक्षालयमा एबचत त्ब्भ प्रशिक्षकको रुपमा कार्य गर्दै आइरहेका छन्। भने अन्य प्रशिक्षार्थीहरु विभिन्न तालीम केन्द्रहरुमा रोजगार छन् ।

### iLEAD एघारौं र बाह्रौं समुहको तालीम सम्पन्न शुरू र तेह्रौं समुह शुरू

एड एट एक्सन नेपालको आर्थिक सहयोगमा युसेप नेपालमा संचालन भैरहेको iLEAD परियोजना अन्तरगत एघारौं समूहमा जम्मा १३२ जना र बाह्रौं समूहमा जम्मा ११० जना प्रशिक्षार्थीहरुले तालिम सम्पन्न गरि रोजगारीको क्रममा रहेका छन् भने तेह्रौं समूहमा मिति २०७१ साल माघ २ गते देखि विभिन्न छ वटा विषयमा जम्मा १३४ जना प्रशिक्षार्थीहरु तालिम लिइरहेका छन् ।

### समावेशीकरणका लागि दौड

प्राविधिक शिक्षामा समावेशिता भन्ने नारा सहित मिति २०७१ साल मंसीर ७ गते युसेप नेपाल सानोठिमीवाट गठ्ठाघर हुदै पुनः सानोठिमी चौरमा आइ सम्पन्न हुने गरी एड एट एक्सन र युसेप




नेपालको सहकार्यमा समावेशी दौडको आयोजना गरिएको थियो । विपन्न, असहाय र दुर्गम क्षेत्रका युवाका लागि संचालन हुने सबै प्रकारका व्यावसायिक तालिम समावेशी हुनु पर्ने चेतना अभिवृद्धि गर्ने उद्देश्यका साथ दक्षिण एशियाका विभिन्न २५ शहरहरुमा एकै दिन संचालन भएको थियो । गत वर्ष २०७० पौष ७ गते पहिलो पल्ट युसेप नेपालले एड एट एक्सन को सहयोगमा यस दौडको आयोजना गरेको थियो र सोही कार्यक्रमको निरन्तरता स्वरुप यस वर्ष पनि दौड आयोजना गरिएको थियो । युसेप नेपाल मित्र समूहको सक्रियतामा मा स्वयंसेवक परिचालन गरिएको दौडमा प्रशिक्षार्थी तथा भूतपूर्व प्रशिक्षार्थीहरु, मानव अधिकारकर्मी, खेलाडी, प्रशिक्षक, संस्थाका सदस्यहरु, ट्राफिक प्रहरीहरु गरी करिव ५५६ जनाको उत्साहजनक सहभागिता रहेको थियो ।

### भौचर मेला तथा EVENT परियोजना

EVENT परियोजना द्वारा आयोजित तीन दिवसीय भौचर मेलामा युसेप नेपालले सहभागिता जनाएको थियो । मिति २०७१ साल मंसीर २५ गते देखि २७ गते तीन दिन सम्म आयोजना भएको यस भौचर मेलालाई करिव १५,००० युवाहरुले अवलोकन गरेका थिए । प्रशिक्षार्थी आफैले आफूलाई मन पर्ने विषयमा आफ्नो लागि पायक पर्ने स्थानमा तालिम प्राप्त गर्न सकोस भन्ने उद्देश्यका साथ आयोजना गरिएको यस मेलाका अधिकांश सहमागी महिला थिए । भौचर मेलामा प्राप्त भएको भौचर अनुसार विभिन्न चार विषयमा मिति २०७१ पौष २८ गते देखि युसेप नेपालमा EVENT परियो जना अर्न्तगत तालिम शुरु भइसकेको छ ।

## भाद्र १ देखि माघ मसान्त सम्म संचालित तालीमहरूमा सहभागी प्रशिक्षार्थी संख्या

| क्र.सं. | कार्यक्रम/तालीम | संख्या | लक्षित वर्ग |
|---|---|---|---|
| १. | अति सिमान्तकृत वर्गका युवाहरुका लागि व्यवसायीक तालीम परियोजना (FLC) | ६० | चेपाङ्ग, बराम, बोटे, कुमाल |
| २. | STEP Project, FCA | ९९ | पूर्व कमैया, कमलरी, हलिया |
| ३. | रोजगार कोष सचिवालय (Employment Fund Secretarate) | १० | प्रशिक्षक बन्न ईच्छुक महिला वर्गलाई |
| ४. | iLEAD १२ औं व्याच | ११० | बेरोजगार युवाहरु |
| ५. | iLEAD १३ औं व्याच | १३५ | बेरोजगार युवाहरु |
| ६. | कादुरी एड एग्रीकल्चरल एशोसिएसन (KAAA) | ३३ | गरिव तथा निम्न वर्ग |
| ७. | ह्याण्ड इन आउट्रिच (HIO) | ७ | गरिव तथा निम्न महिला वर्ग |
| ८. | Umbrella Foudation | १ | गरिव तथा निम्न वर्ग |
| ९. | मुद्रण विभाग | ८ | तालीममा ईच्छुक व्यक्तिहरु |
| १०. | NYF | ८ | गरिव तथा निम्न वर्ग |
| ११. | बाल वातावरण केन्द्र नेपाल (CWCN) | ३ | गरिव तथा निम्न वर्ग |
| १२. | ENOC | १ | गरिव तथा निम्न वर्ग |
| १३. | प्याकेज तालीम | १२ | तालीममा ईच्छुक व्यक्तिहरु |
| १४. | नियमित श्रावण | ३८ | तालीममा ईच्छुक व्यक्तिहरु |
| १५. | नियमित भाद्र | ५२ | तालीममा ईच्छुक व्यक्तिहरु |
| १६. | हेभि ईक्युप्मेन्ट मेकानिक | ११ | तालीममा ईच्छुक व्यक्तिहरु |
| | **जम्मा** | **५८८** | |

सुवर्ण अवसर ! सुवर्ण अवसर ! सुवर्ण अवसर !

## रोजगारी तथा स्वरोजगारीको लागि

# निः शुल्क प्राविधिक तथा व्यावसायिक तालीम

### तालीमका विशेषताहरुः

- ३ महिने नि : शुल्क तालीम तथा सीप परीक्षणको व्यवस्था
- रोजगारी तथा स्वरोजगारीको सुनिश्चितता
- साधारण लेखपढ गर्न सक्ने वेरोजगार युवा युवतीहरुका लागि
- महिला, दलित, जनजाती, अपाङ्ग तथा अवसरबाट वन्चित समूहको लागि विशेष प्राथमिकता



सूदुर पश्चिमाञ्चल विकास क्षेत्रको लागि
**कान्तिपुर जनशक्ति विकास केन्द्र**
सितापाइला, काठमाण्डौ ।
फोन नं. ०१-४२७९७२३,
०१-४०३८३१७, ०९१४१२०९६

पश्चिमाञ्चल विकास क्षेत्रको लागि
**देउराली जनता प्राविधिक शिक्षालय**
बुटवल, रुपनदेही ।
फोन नं. ०७१-४४५३७७

मध्यपश्चिमाञ्चल विकास क्षेत्रको लागि
**ट्रेड लिंक टेक्निकल ट्रेनिङ्ग इन्स्टिच्युट**
धुम्बाराही, काठमाण्डौ ।
फोन नं. ०१-४३७०७६०, ४३७०१२१

मध्यमाञ्चल विकास क्षेत्रको लागि
**ट्रेनिङ्ग सेन्टर नेपाल**
सितापाइला, काठमाडौं ।
फोन नं. ०१-४३०२१०७, ४२८४७४३

मध्य पूर्व क्षेत्रको लागि
**इन्क्लुशिप कन्सल्टेन्ट प्रा. लि.**
सितापाइला, काठमाडौं ।
फोन नं. ०१-४०३४८८०



## हाल सञ्चालन गरिएका तालीमका विषयहरु

१. मोटरसाईकल सर्भिस मेकानिक्स
२. इलेक्ट्रिक भेइकल ड्राइभिङ्ग कम रिपेयर
३. हेभी मेशिनरी अपरेटर
४. स्काफोल्डर
५. सेक्युरिटी गार्ड
६. सु मेकर
७. फ्रुट एण्ड भेजिटेबल प्रोसेसर
८. सटरिङ कार्पेन्टर
९. ड्रेस मेकर टेलरिङ
१०. फर्निचर मेकर
११. गारमेन्ट फेब्रिकेटर
१२. मेशन
१३. स्वीट एण्ड स्नाक्स मेकर
१४. पूर्व बालविकास सहजकर्ता (ई.सी.डी.)
१५. ह्याण्ड इम्ब्रोडरी
१६. आल्मुनियम फेब्रिकेटर
१७. आर्क वेल्डिङ्ग
१८. असिस्टेण्ड ब्यूटिसियन
१९. असिस्टेण्ड वेटर
२०. वेकर
२१. विल्डिङ्ग ईलेक्ट्रिसियन
२२. केयर गिभर
२३. चाइनिज कुक
२४. कन्ट्रक्सन कारपेन्ट्री
२५. कन्टीनेन्टल कुक
२६. कलर टि.भि. रिसिभर टेक्निसियन
२७. इन्डियन कुक
२८. जुनियर कम्प्यूटर हार्डवेयर टेक्निसियन
२९. जुनियर प्लम्बर
३०. जुनियर टेलिकम टेक्निसियन
३१. मोवाइल फोन रिपियर टेक्निसियन


प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
**सीप विकास परियोजना**
परियोजना कार्यान्वयन इकाई
एसियाली विकास बैंक अनुदान नं -०३४५
केशरमहल, काठमाडौं
**०१-४४१२९५७/४४१२९५८**
**इमेल**: sdpnepal2013@gmail.com
**वेभसाईट**: www.sdp.org.np